स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको

# डिजिटल सिकाइ सामग्री कार्यक्रम सम्बन्धी विस्तृत मार्गदर्शन, २०८३
# (संशोधन सहित)

आ.व. २०८३/०८४

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय,
विराटनगर

# विषयसूची


१. संक्षिप्त नाम र प्रारम्भ :......................................................................................................१

२. परिभाषा :......................................................................................................................१

३. उद्धेश्य :........................................................................................................................१

४. डिजिटल प्रविधि कार्यक्रम :...........................................................................................२

५. डिजिटल सामग्री सम्बन्धी शर्त :....................................................................................२

६. विद्यालय छनोट प्रक्रिया :...............................................................................................३

७. अनुदान प्राप्त गर्ने विद्यालयको शर्त :..............................................................................३

८. निर्देशक समिति :............................................................................................................३

९. कार्यक्रमको सम्झौता एवम् अनुदान निकासा :...............................................................४

१०. डिजिटल सामग्री उपलब्ध गराउने संस्थाले पूरा गर्नुपर्ने शर्त :.....................................४

११. अनुगमन तथा प्रतिवेदन :..............................................................................................५

१२. खरिद सामग्रीको संरक्षण :............................................................................................५

१३. अभिलेखीकरण :............................................................................................................५

१४. प्रचलित कानून बमोजिम हुने :......................................................................................५

१५. मार्गदर्शन संशोधन तथा परिमार्जन :...........................................................................५

अनुसूची १ ........................................................................................................................६

अनुसूची २ ........................................................................................................................७

# डिजिटल सिकाइ सामग्री कार्यक्रम सम्बन्धी  विस्तृत मार्गदर्शन, २०८३

स्वीकृत मितिः २०८३/०४/२२
पहिलो संशोधनः २०८३/०५/०३

## प्रस्तावना

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क हुने संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न  प्रभावकारी सिकाइबाट शिक्षामा गुणस्तर र विद्यार्थीको सिकाइमा सुधार कायम गर्न, शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न, शिक्षक दरबन्दी न्यून भएका सामुदायिक विद्यालयहरूमा सिकाइको वैकल्पिक माध्यमका रूपमा प्रविधिमा आधारित वैज्ञानिक डिजिटल प्रविधिको प्रयोगबाट पाठयोजना तयारीदेखि अनुगमन मूल्याङ्कनसम्मका चक्रलाई सहयोग गर्ने सामग्रीको विकास र प्रयोग आवश्यक भई कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा २ बमोजिम सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन तयार गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस मार्गदर्शनको नाम **डिजिटल सिकाइ सामग्री कार्यक्रम सम्बन्धी विस्तृत मार्गदर्शन, २०८३** रहेको छ ।

(ख) यो मार्गदर्शन मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

## २. परिभाषा :

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा :

(क) डिजिटल प्रविधि भन्नाले अनलाइन र अफलाइन मार्फत शिक्षण सिकाइमा आधारित प्रविधिलाई सम्झनुपर्दछ।

(ख) सामुदायिक विद्यालय भन्नाले सरकारी अनुदानबाट सञ्चालन हुने विद्यालयलाई सम्झनु पर्दछ ।

(ग) स्थानीय तह भन्नाले महानगरपालिका, उपमहानगरपालिका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ)निर्देशक समिति भन्नाले दफा ८ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ङ)"निर्देशनालय भन्नाले कोशी प्रदेश सरकार, शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(च)"मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झन पर्दछ ।

(छ) "भिडियो सामग्री" भन्नाले कक्षा ६ देखि १० को स्वीकृत पाठ्यक्रम बमोजिम विषयगत विज्ञ शिक्षकहरूबाट तयार गरिएका भिडियो सामग्रीहरूलाई सम्झनु पर्दछ ।

(ज)सिकाइ व्यवस्थापन प्रणाली (LMS) भन्नाले अनलाइन तथा अफलाइनमार्फत  सिकाइ व्यवस्थापन गर्न प्रयोग गरिने प्रविधिलाई सम्झनु पर्दछ ।

(झ)शाखा प्रमुख भन्नाले स्थानीय तहको शिक्षा सम्वन्धी काम गर्ने शाखा प्रमुख सम्झनुपर्दछ ।

## ३. उद्धेश्य :

यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) शिक्षकको अनुपस्थितिमा समेत नियमित रूपमा संरचित र अन्तरक्रियात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

(ख) शिक्षण सिकाइमा बैज्ञानिक डिजिटल प्रणाली र सामग्रीहरूको प्रयोग गरी सिकारुलाई प्रविधिसँग परिचित गराउनु ।

(ग) सिकाइ क्रियाकलापमा प्रविधिको प्रयोग गरी विविधता एवम् सिर्जनशीलतामा जोड दिनु ।

(घ) विद्यार्थीको सिकाइ स्तर बलिया र सुधार गर्नु पर्ने क्षेत्र पहिचान गरी व्यक्तिगत आवश्यकता अनुसार सिकाइ सामग्री र अभ्यास उपलव्ध गराई सिकाइ उपलव्धिमा क्रमिक सुधार गर्नु ।

(ङ) शिक्षकलाई शिक्षणमा र व्यवस्थापन समितिलाई तथ्यमा आधारित निर्णयका लागि आवश्यक प्रतिवेदन उपलव्ध गराउनु ।

## ४. डिजिटल प्रविधि कार्यक्रम :

(१) विद्यालय तहको शिक्षण सिकाइको वैकल्पिक माध्यमबाट लक्षित विद्यालयमा अनलाइन वा अफलाइन पद्धतिबाट कक्षा ६ देखि १० सम्मको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनेछ, यस अन्तर्गत :

(क) पाठ्यक्रम अनुरुप संरचित पाठयोजना र मल्टिमिडिया स्रोत (भिडियो एनिमेशन क्वीज अभ्यास) हुनेछन् ।

(ख) कक्षामा सिकाइलाई क्रमबद्द मार्गदर्शन प्रारम्भिक र जीवनसँग सम्वन्धित क्रियाकलापहरू हुनेछन् ।

(ग) विद्यार्थीको सिकाइ स्तर पहिचान गर्ने प्रविधि हुनेछन् ।

(घ) विद्यार्थीको व्यक्तिगत सिकाइ सुधारका लागि सामग्री हुनेछन् ।

(ङ) सिकाइ पुनरावृति विद्यार्थीको सिकाइ अनुगमन तथा प्रतिष्पर्धात्मक सिकाइका लागि अन्तरक्रियात्मक अभ्यास हुनेछन् ।

(च) विद्यालय व्यवस्थापनका लागि शिक्षकले गरेको प्रयोग र विद्यार्थीले हासिल गरेको उपलब्धि सहितको प्रतिवेदन समावेश हुने सामग्री व्यवस्थापन हुनेछन् ।

## ५. डिजिटल सामग्री सम्बन्धी शर्त :

**(क)** डिजिटल सामग्रीमा भिडियोका साथसाथै स्व-मूल्याङ्कन क्विज (Self-Assessment Quizzes), सिमुलेसन (Simulations), र थप पाठ्य सामग्री (e-Books/PDFs) जस्ता अन्तरक्रियात्मक सिकाइ तत्वहरू अनिवार्य रूपमा उपलब्ध हुनुपर्नेछ।

(ख) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत पाठ्यक्रममा पूर्णरूपमा आधारित हुनु पर्नेछ ।

(ग) कक्षा ६ देखि कक्षा १० सम्मका सम्पूर्ण अनिवार्य विषयहरू (सम्भव भए कक्षा ९ र १० का ऐच्छिक विषय समेतको भाषा विषयका हकमा सम्बन्धित भाषामा र अन्यको हकमा नेपाली र अङ्ग्रेजी दुवै माध्यममा भिडियो सामग्री उपलब्ध हुनु पर्नेछ ।

(घ) तयार गरिएका विषयगत भिडियो सामग्रीहरूले पाठ्यक्रमले अपेक्षा गरेका सबै विषयवस्तुहरू समेटेको हुनु पर्नेछ।

(ङ) डिजिटल सिकाइ सामग्रीहरू अफलाइन मोडमा पनि चल्न सक्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(ज) कक्षा ६ देखि १० सम्मका सबै अनिवार्य विषयहरूको भिडियो तथा अन्तरक्रियात्मक सामग्री समावेश हुनु पर्नेछ।

(ञ) उपलव्ध सामग्रीले पाठ्यक्रमले अपेक्षा गरे अनुसारका सबै विषयबस्तुहरू समेटेको तथा अडियो एनिमेशन क्वीज अभ्यास तथा जीवनसँग सम्बन्धित तथ्यहरू समावेश गरेको हुनुपर्नेछ।

(ट) उपलव्ध सामग्रीले विद्यार्थीको सिकाइस्तर पहिचान गर्न प्रविधिमा आधारित परीक्षण गर्न व्यक्तिगत सिकाइ कमजोरी पहिचान गरी सुधार गर्न र सामग्रीको प्रयोग र विद्यार्थीको सिकाइको अनुगमन गर्न सक्ने हुनुपर्दछ।

## ६. विद्यालय छनोट प्रक्रिया :

विद्यालयलाई अनुदानका लागि छनोट गर्दा मन्त्रालयले हिमाल, पहाड र तराइका जिल्लाका सामुदायिक माध्यमिक विद्यालयमा शुन्य दरबन्दी भएका विद्यालय र क्रमश कम दरबन्दी भएका विद्यालय छनौट गरी प्रत्येक वर्षको बजेट तथा कार्यक्रममा स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी शशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गरी बजेट पठाउन सक्नेछ।

## ७. अनुदान प्राप्त गर्ने विद्यालयको शर्त :

(१) यो कार्यक्रम तपसिल बमोजिमका विद्यालयहरूले प्राप्त गर्न सक्नेछन् ।

(क) प्रचलित शिक्षा ऐन तथा नियमावली र मार्गदर्शनबमोजिम न्यूनतम शिक्षक दरबन्दी नपुगेको सामुदायिक विद्यालय हुनुपर्नेछ ।

(ख) सामुदायिक आधारभूत विद्यालय भएमा कक्षा १ देखि ८ सम्म र माध्यमिक विद्यालय भएमा कम्तीमा कक्षा १ देखि १० सम्मको अनुमति लिइ कक्षा सञ्चालन भएको हुनुपर्नेछ ।

(ग) सामग्रीहरूको व्यवस्थापन तथा अध्ययन अध्यापनका लागि विद्यालयमा कम्तीमा एउटा छुटै डिजिटल कक्षाकोठाको व्यवस्था गर्नुपर्नेछ ।

(घ) विषयगत शिक्षकहरूको अनुपस्थितिमा, विद्यालयले तोकेको विद्यार्थीका लागि अनुकूल हुने अन्य समयमा विद्यार्थीहरूले डिजिटल कक्षाकोठामा गई भिडियो सामग्रीहरू मार्फत अध्ययनको अवसर प्राप्त हुने किसिमको हुनुपर्नेछ ।

(ङ) विद्यालयले विद्युत वा वैकल्पिक उर्जाको व्यवस्था भएको हुनुपर्नेछ ।

(च) कार्यक्रमका लागि छनोट भएको विद्यालयले डिजिटल प्रविधि कार्यक्रमका लागि अनुसूची १ बमोजिमको डिजिटल सिकाइ सामग्री र डिजिटल डिभाइसको व्यवस्था गर्नुपर्नेछ।

## ८. निर्देशक समिति :

(१) यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहने छन् ।

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, निर्देशनालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) डिजिटल कार्यक्रम सञ्चालन भएका विद्यालयहरूका प्र.अ. मध्येबाट मा. मन्त्रीले तोकेको ३ जना – सदस्य

(ङ) प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) डिजिटल कार्यक्रम सम्बन्धमा नीति तथा मार्गदर्शन तर्जुमा गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

(ग) कार्यक्रमको निरीक्षण, अनुगमन एवम् समीक्षा गर्ने र अन्य आवश्यक कार्यहरू गर्ने गराउने

(घ) कार्यक्रम सञ्चालन गर्दा कुनै अस्पष्टता एवम् वाधा अड्चन परेमा सहजीकरण एवम् व्यवस्थापन गर्ने ।

## ९. कार्यक्रमको सम्झौता एवम् अनुदान निकासा :

(१) दफा ७ बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय र सम्वन्धित स्थानीय तहबीच अनुसूची २ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गर्नुपर्नेछ ।

(२) सम्झौताको दुई प्रति तयार गरी एक प्रति सम्बन्धित विद्यालय र एक प्रति स्थानीय तहमा राख्नुपर्नेछ।

(३) दफा ७ बमोजिम छनोट भई सम्झौता गरिएका विद्यालयलाई स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्न प्रति विद्यालय रु ५,००,०००।- (अक्षेरुपी पाँचलाख मात्र सम्म अनुदानका रुपमा सम्झौता बमोजिम सम्बन्धित विद्यालयको खातामा रकम निकासा गर्नुपर्नेछ ।

(४) कार्यक्रम सञ्चालनका लागि भिडियो सामग्रीको प्रयोगका सम्बन्धमा विद्यालयले डिजिटल सामग्री प्रदान/ अनुदान वा विक्री गर्ने संस्थाबाट नै अभिमुखीकरण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(५) कार्यक्रमको दिगोपन सुनिश्चित गर्न, खरिद गरिएका डिजिटल डिभाइसहरूको (जस्तै Interactive Smart Board) मर्मत-सम्भारका लागि सम्बन्धित स्थानीय तहले वार्षिक कार्यक्रम/बजेटमार्फत निश्चित रकमको व्यवस्था गर्नुपर्नेछ ।

(६) फोकल पर्सनको सक्रियता र प्रोत्साहनका लागि विद्यालय/स्थानीय तहले प्रचलित कानून बमोजिम अतिरिक्त प्रोत्साहन भत्ता वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(७) अनुदानका लागि छनौट भएका विद्यालयमा डिजिटल सामग्रीहरूको व्यवस्थापन तथा अध्ययन अध्यापनका लागि कम्तीमा एउटा छुटै डिजिटल कक्षाकोठाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित विद्यालय र स्थानीय हुनेछ ।

(८) स्थानीय तहले कार्यक्रम सम्पन्न भएपछि तोकिएको स्पेसिफीकेशन बमोजिम सामग्रीहरू विद्यालयमा प्राप्त भइ कार्यक्रम कार्यान्वयन भए नभएको एकिन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

## १०. डिजिटल सामग्री उपलब्ध गराउने संस्थाले पूरा गर्नुपर्ने शर्त :

यस कार्यक्रमका लागि डिजिटल सामग्री उपलब्ध गराउन विद्यालयले छनौट गरेका संस्थाले देहाय अनुसार सर्तहरू पूरा गर्नु पर्नेछ।

(क) कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयका प्रधानाध्यापक वा प्रधानाध्यापकले तोकेको व्यक्ति (फोकल पर्सनलाई) लनिङ प्ल्याटफर्म प्रयोग सम्बन्धी अभिमुखीकरण गर्नेछ।

(ख) लनिङ प्ल्याटफर्म व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्य गर्नेछ।

(ग) विद्यालयले शिक्षकको अनुपस्थिति भएको अवस्थामा विद्यार्थीहरू लनिङ प्ल्याटफर्म सहभागी भई या डिजिटल रूममा गई शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन वा भिडियो सामग्रीहरू प्रयोग गर्ने सहज वातावरण निर्माणका लागि निरन्तर प्राविधिक सहयोग गर्नुपर्नेछ।

(घ) सामग्री उपलब्ध गराउने संस्थाले खरिद सम्झौता भएको मितिबाट कम्तीमा तीन वर्षसम्म पाठ्यक्रममा हुने सामान्य परिवर्तन वा शैक्षिक गुणस्तर सुधारका लागि विकास भएका डिजिटल सामग्रीहरू निःशुल्क अद्यावधिक (Update) गरिदिनुपर्नेछ।

(ङ) इन्टरनेट नभएको अवस्थामा पनि चल्न सक्ने Mobile (10s and Android) or web Application मार्फतशिक्षक तथा विद्यार्थीलाई लर्निङ्ग प्ल्याटफर्ममा जोडिनका लागि आवश्यक युजर आईडी र पासवर्ड हस्तान्तरण गरी सिकाइ सामग्रीमा पहुँच सुनिश्चित गर्नुपर्ने छ ।

(च) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयले फोकल पर्सन तोक्नुपर्नेछ र त्यस्तो फोकल पर्सनलाई सिकाइ व्यवस्थापन प्रणाली (LMS) को दैनिक व्यवस्थापन, विद्यार्थी सहजीकरण र सामान्य प्राविधिक समस्या समाधान गर्न सक्ने गरी आवश्यक तालिम प्रदान गर्नुपर्नेछ।

## ११. अनुगमन तथा प्रतिवेदन :

(क) मन्त्रालय, निर्देशनालय र स्थानीय तहबाट आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा निरीक्षण हुनेछ । अनुगमनका क्रममा दिइएका सुझाव एवम् पृष्ठपोषणहरूको कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ ।

(ख) विद्यालयले हरेक शैक्षिक सत्रको अन्त्यमा विद्यार्थी र अभिभावकबाट डिजिटल सामग्रीको प्रभावकारिता र प्रयोगबारे अनिवार्य प्रतिक्रिया (Feedback) सङ्कलन गरी सो सहितको प्रतिवेदन स्थानीय तह र मन्त्रालयमा पेस गर्नुपर्नेछ।

## १२. खरिद सामग्रीको संरक्षण:

खरिद गरेका सामग्रीहरूको दाखिला गर्ने र उचित प्रयोगको व्यवस्थापन गरी संरक्षण गर्ने दायित्व सम्वन्धित विद्यालयको हुनेछ ।सामग्री खरिद गरी अनुदान रकम बचत हुन आएमा उक्त अनुदान रकमबाट प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक अन्य शैक्षिक सामग्री खरिद गरी सो को खर्च समेत विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

## १३. अभिलेखीकरण:

डिजिटल प्रविधिको प्रयोगका लागि छनोट भएका विद्यालयगत अभिलेखीकरण सम्बन्धी कार्य मन्त्रालय, निर्देशनाय र सम्वन्धित स्थानीय तहले गर्नेछन् ।

## १४. प्रचलित कानून बमोजिम हुने :

यस मार्गदर्शनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसंगसम्बन्धित कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

## १५. मार्गदर्शन संशोधन तथा परिमार्जन:

मार्गदर्शन कार्यान्वयनमा कुनै बाधा अड्काउ फुकाउ वा संशोधन गर्नुपरेमा कार्यक्रमको उद्देश्य विपरित नहुने गरी मन्त्रालयले संशोधन गर्न सक्नेछ।

## अनुसूची १
### (दफा ७ सँग सम्बन्धित)

## १. डिजिटल सिकाई सामग्री

(क) भिडियो सामग्री तयार गर्दा कम्तीमा पचास प्रतिशत शिक्षक प्रशिक्षकहरू शिक्षा तथा मानव स्रोतविकास केन्द्र वा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको विषयविज्ञको सूचीमा सूचीकृत भएका मध्येबाट हुनु पर्नेछ ।

(ख) तयार गरिएका विषयगत भिडियो सामग्रीहरूले पाठ्यक्रमले अपेक्षा गरेका सबै विषयवस्तुहरू समेटेको हुनुपर्ने छ ।

(ग) सामग्रीमा अन्तरक्रियात्मकता (Interactive Elements): भिडियो पाठका साथै हरेक एकाइ/पाठको अन्त्यमा विद्यार्थीले स्व-मूल्याङ्कन गर्न मिल्ने क्विज (Quizzes), अभ्यास (Exercises) र डिजिटल सिमुलेसनहरू (यदि विषयवस्तुले मागेमा) समावेश गर्न सकिनेछ ।

## २. डिजिटल डिभाइस (<u>इन्टऱ्याक्टिभ प्यानेल बोर्ड (Interactive Panel Board) स्पेसिफिकेसन</u>

| SN | Particular | Specification | Remarks |
|---|---|---|---|
| 1 | Interactive Panel Board | Display Size: 75” IPS LCD, Resolution: 3840*2160, Brightness: 350cd/m², Contrast Ratio: 1200:1, Pixel Pitch: 75”0.4296mm*0.4296mm, Refreshing Frequency: 60Hz, Viewing Angle: 178°(H) / 178°(V), Display Color: 10bit, Backlight: D-LED, Anti-Glare front glass<br>Touch: Infrared touch, Touch Point: 20 Response Time: ≤8ms, Touch Accuracy: ±1mm, Output Form: HID standard; with 2 smart pens<br>Cameras/Microphones/Speakers: Camera Pixel: 13M, Focus Form: Fixed focus, FOV: Diagonal 84.5±3°, Mic Category: 8-array, Pick-up Distance: 8m ,Pick-up Angle: 180°, Speaker Audio Output Power: 10W * 2<br>Ports: HDMI-IN *2 HDMI-OUT *1 LAN *2 VGA-IN *1 DP-IN *1 Audio-IN *1 Audio-OUT *1 MIC-IN *1 USB2.0 *3 USB3.0 *2 Touch-USB *1 SPDIF-IN *1 Type-C *1 RS232-IN *1<br>Power Consumption: Voltage: 100V ~ 240V/AC, 50/60 Hz, Power Consumption (standby): <0.5W, OPS Power: 18V(DC)/5A ,<br>Android System: System: Android 14.0, CPU Architecture: ARM A73*4+A53*4, CPU Working Frequency: 2.8Hz, CPU Core: Octa Core, Solution: MT9950, GPU: Mali-G52, RAM: 8GB DDR4, Storage: 500 GB<br>"Body Frame Material: Aluminum<br>Minimum 3 year warrenty"<br>Smartboard Trolley Stand | |

## ३. विद्युतको वैकल्पिक व्यवस्था

डिजिटल कक्षाकोठाको पावर ब्याकअपका लागि कम्तीमा ८ घण्टा टिक्ने ब्याट्री ब्याकअप (UPS/Inverter) को व्यवस्था हुनुपर्नेछ ।

## अनुसूची २

## (दफा ९(२) सँग सम्बन्धित)

### स्थानीय तह र कार्यक्रम सञ्चालन गर्ने विद्यालयबीच भएको सम्झौता पत्र

............ **जिल्ला** ............ गाउँपालिका/नगरपालिका ....................(यसपछि प्रथम पक्ष भनिएको) र ................ जिल्ला गाउँ/नगर/उपमहानगर महानगर पालिका.............. वडा नं. .......... मा सञ्चालित श्री ................................................ . विद्यालय ........... (यसपछि द्वितीय पक्ष भनिएको) बिच डिजिटल प्रविधि मार्फत् शिक्षण सिकाइ कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालन गर्ने गरी यो सम्झौता गरी दियौं लियौं ।

**(क) प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरू :**

१. विद्यालयलाई प्रस्ताव अनुसारको डिजिटल प्रविधिमार्फत शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्न दुई किस्तामा अधिकतम रू ........................ (अक्षेरूपी ........................ मात्र) विद्यालयको खातामा तोकिए अनुसार अनुदान दिइने छ ।

२. कार्यक्रमको सम्झौतापश्चात् विद्यालयको खातामा ......... प्रतिशत अनुदान निकासा दिइनेछ । सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात बिल भरपाई सहितको प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ताको रूपमा विद्यालयको खातामा निकासा गरिनेछ ।

४. दोस्रो पक्षले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकामा दिन बाध्य हुनेछैन र पहिले किस्ता निकासा भएको ....... प्रतिशत रकम कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

५. सम्झौता विपरीत कार्य गरेको पाइएमा, कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गर्न सक्नेछ।

**(ख) दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू :**

१. विद्यालयले कार्य सम्पन्न गरी .............. भित्र अन्तिम किस्ता माग गर्न आवश्यक कागजात सहित कार्यालयमा पेस गर्नु पर्नेछ ।

२. विद्यालयले कामको सम्झौता भएपश्चात् कार्य सम्पन्न गर्नु पर्नेछ ।

३. विद्यालयले बजेटको सीमाभित्र रही डिजिटल प्रविधिमार्फत शिक्षण सिकाइ कार्यक्रमका लागि आवश्यक पर्ने अनुसूची १ बमोजिमका डिजिटल सामग्रीहरू सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई खरिद गर्नुपर्नेछ ।

४. सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरूबाट समेत अनुगमन निरीक्षण हुन सक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र खोजेको बेला देखाउन सक्ने व्यवस्था मिलाउनु पर्नेछ।

५. प्रदेश सरकार र नेपाल सरकारबाट खरिद सम्बन्धी जारी भएका कानून र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा कार्यविधि अनुसार खरिद सम्बन्धी कार्य गर्नु गराउनु पर्नेछ ।

६. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख गर्ने कार्य विद्यालयको हुनेछ ।

७. कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन स्थानीय तहले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

पहिलो पक्ष स्थानीय तहका तर्फबाट

१. कार्यालय प्रमुखको नाम :
हस्ताक्षर :

२. शिक्षा शाखा प्रमुखको नाम
हस्ताक्षर

दोस्रो पक्ष विद्यालयका तर्फबाट

१. व्यवस्थापन समितिको अध्यक्षको नाम :
हस्ताक्षर :

२. प्रधानाध्यापकको नाम
हस्ताक्षर

सम्झौता भएको मिति :